# एट्लस बचत तथा ऋण सहकारी संस्था लि.

चौधौं वार्षिक साधारण सभामा संचालक समितिको तर्फबाट अध्यक्ष

श्री ध्रुव रुद्र कर्माचार्यबाट प्रस्तुत

## आ.ब.२०७८/७९ को वार्षिक प्रतिवेदन

**आदरणीय शेयर सदस्यमहानूभावहरू,**

यस एट्लस बचत तथा ऋण सहकारी संस्था लि. को चौधौं बार्षिक साधारण सभामा हाम्रो निमन्त्रणालाइ स्विकार गर्नु भई यस सभालाई सफल बनाउनका लागि पाल्नु भएका संस्थाका शेयरसदस्य, महिला तथा सज्जनवृद एवम् शुभचिन्तकज्यूहरुमा म आफ्नो र यस संस्थाको तर्फबाट हार्दिक स्वागत गर्दछु ।

सर्वप्रथम, यो संस्था आफ्नो कार्यकालको चौधौं वर्ष पुरा गरी पन्ध्रौं वर्षमा प्रवेश गरेको उपलक्ष्यमा संस्थाका सम्पूर्ण सदस्य महानुभाव तथा शुभेच्छुकहरु प्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । संस्थाको प्रगतीमा नियमन निकायहरुको सुझाव एवं निर्देशन, सदस्य महानुभावहरुको बहुमुल्य सहयोग सुझाव, संचालक समिति तथा लेखा समितिको कुशल निर्देशनका साथै संस्थाका कर्तव्यनिष्ठ कर्मचारीहरुको कार्यक्षमता ज्यादै महत्वपूर्ण रहेको छ । भविष्यमा पनि यहाँहरुको सल्लाह, सुझाव, निर्देशन रेखदेख र सहयोगमा शेयरसदस्यहरुलाई गुणस्तरीय सेवा, सुविधा र निरन्तर प्रतिफल दिँदै जाने प्रतिवद्धता व्यक्त गर्दछौं ।

**सदस्य महानुभावहरु,**

अब म आर्थिक वर्ष २०७८/७९ को लेखा परिक्षण प्रतिवेदन, वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण एवम तत्सम्बन्धी अनुसूचीहरु सहित संस्थाको चौधौं वार्षिक प्रतिवेदन यस सभामा सहभागी हुनुभएका सबै शेयरसदस्य महानुभावहरुको समर्थनको लागि प्रस्तुत गर्न अनुमति चाहन्छु ।

यस अघिका आर्थिक वर्षहरुमा झैं यहाँहरुबाट प्राप्त भएको सदभाव, सहयोग र सहृदयताले प्रतिकुल परिस्थितीको बाबजुद आर्थिक वर्ष २०७८/७९ संस्थाको लागि अर्को सफल वर्षको

रुपमा रह्यो । देश भित्र कायम राजनैतिक अन्यौलता, विश्वव्यापी संक्रामक रुपमा फैलिएको COVID-19 को संक्रमण पूर्ण रुपले नियन्त्रण हुन नसकेको अवस्था, डेंगु ज्वरोको प्रकोप साथै आसन्न संसंदिय चुनावको चहल पहल तथा गर्मीले देश भित्र रहेका उद्योग, ब्यापार, ब्यबसाय, इत्यादी सबै माथि नकरात्मक प्रभाव पर्न गइरहेको अवस्था तथा केही समय यता देखि बजारमा लगानी योग्य रकमको चरम अभावका कारण बैंक बित्तीय संस्थाहरुले दोहोरो अङ्कको महंगो ब्याजदरमा निक्षेप संकलन तथा त्यही अनुरुप कर्जा प्रवाह भइरहेको परिप्रेक्ष्यमा बचत तथा ऋण सहकारी संस्थाहरुले पनि उच्च ब्याजदरमा निक्षेप संकलन गर्नुपर्ने अवस्था सृजना भइरहेको अवस्था छ । टोल छिमेकमा रहेका केही ठुला सहकारीहरुको समयमा नै उचीत अनुगमन हुन नसकेको हुदाँ दुर्घटना हुन गएका कारण त्यसको नकरात्मक असर अन्य सहकारीहरुमा पनि पर्न गएको कारण सहकारीहरुले आफ्नो प्रतिष्ठा जोगाइ राख्न गाह्रो भइरहेको अवस्था छ । अर्कोतर्फ नेपाल सरकारको तर्फबाट पनि बचत तथा ऋण सहकारीहरुलाई केवल निक्षेप संकलन तथा कर्जा प्रवाह गर्ने बाहेक अन्य कुनै कार्यहरु गर्न बन्देज लगाइ दिएका कारण हामीजस्ता प्रगती उन्मुख सहकारीहरुलाई गतिबिधीमा संकुचन भइरहेको छ । सहकारी संस्थाहरुलाई आफ्नो पुंजीको केही निश्चित अंश सरकारी बण्ड, बैंक डिबेन्चर, म्यूचल फण्ड जस्ता सिमित जोखिम रहेका बैकिङ्ग उपकरणमा लगानी गर्न दिन आवश्यक भएको हामीलाई लागेको छ । हरेक बर्ष सरकारले बार्षिक बजेटबाट सहकारीलाई देशको आर्थिक क्षेत्रको तेश्रो खम्बा भनी सम्बोधन गरी सहकारीहरु पनि उत्पादनशिल क्षेत्रमा लाग्नु पर्ने भनी आहवान भइरहँदा ब्यबहारमा आजसम्म प्राथमिक तहका सहकारी संस्थाहरुले त्यसको अनुभुति गर्न पाइरहेका छैनौं । यस बिषयमा सम्बन्धित संघ संस्थाहरुले पनि सक्रिय भइ उपरोक्त नीतिलाई बास्तबिकतामा परिणत गर्न पहल गरी दिन हुन अनुरोध गर्दछौं । साथै सहकारी ऐन तथा नियमावली पनि बेला बखत समय सापेक्ष अनुसारको संसोधन हुन पर्ने देखिन्छ ।

उपरोक्त कारणहरुबाट यो संस्था अछुत रहन नसकेतापनि यस प्रतिकूलताको परिस्थितिलाई केही हदसम्म चिर्दै आर्थिक बर्ष २०७८/७९ मा पनि संस्थाले रु. १,८३,७२,२६०/-खुद नाफा कमाउन सफल भएको सहर्ष जानकारी गराउन चाहन्छु । संस्थाको आर्थिक गतिविधिको अवस्था लेखा परिक्षण प्रतिवेदन र सोसंग संलग्न भएका बिबरणहरुबाट सदस्य महानुभावलाई जानकारी भएको हुनु पर्दछ । यद्यपि यहाँहरु समक्ष बिगत ५ आर्थिक बर्षहरुमा यस संस्थाले प्राप्त गरेको उपलब्धिको संक्षिप्त बिबरण तुलनात्मक रुपमा निम्नानुसार प्रस्तुत गर्दछु ।

# संस्थाको गत ५ आर्थिक वर्षको कारोबारको तुलनात्मक संक्षिप्त विवरण

| s\|= ;+= | ljj/)f | cf, j, 2074“75 | cf, j, 2075“76 | cf, j, 2076“77 | cf, j, 2077“78 | cf, j, 2078“79 | ut cf,a, sf] t'ngfdf j[l$ (कमी)% |
|---|---|---|---|---|---|---|---|
| 1 | z]o/ k"FhL | 3,04,81,000 | 3,40,75,800 | 3,96,08,200 | 4,18,71,900 | 4,66,65,300 | 11.45 % |
| 2 | s'n lgIf]k | 45,04,69,346 | 55,39,20,920 | 60,01,28,531 | 59,69,02,120 | 54,90,70,984 | (8.01 %) |
| 3 | s'n shf{ | 34,53,80,989 | 41,41,20,537 | 44,67,62,535 | 48,63,37,023 | 47,25,55,450 | (2.83 %) |
| 4 | s'n nufgL | 20,56,97,336 | 14,90,78,415 | 18,12,06,673 | 21,31,57,050 | 22,55,77,400 | 5.83 % |
| 5 | -s_ Aofh cfDbfgL | 7,33,12,366 | 8,57,33,858 | 8,56,70,054 | 8,04,41,236 | 9,20,07,606 | 14.38 % |
| | -v_ cGo cfDbfgL | 35,83,495 | 35,48,680 | 86,57,137 | 1,87,24,301 | 44,42,143 | (76.28 %) |
| | **-u_ s'n cfDbfgL** | **7,68,95,861** | **8,92,82,538** | **9,43,27,191** | **9,91,65,537** | **9,64,49,749** | **(2.74 %)** |
| 6 | -s_ Aofh vr{ | 5,19,52,883 | 6,17,16,190 | 6,63,06,702 | 5,33,26,753 | 6,02,96,345 | 13.07 % |
| | -v_ ;+rfng vr{ | 94,75,435 | 1,09,66,687 | 1,25,40,069 | 1,35,66,883 | 1,50,75,153 | 11.12 % |
| | **-u_ s'n vr{** | **6,14,28,318** | **7,26,82,877** | **7,88,46,772** | **6,68,93,636** | **7,53,71,498** | **12.67 %** |
| 7 | **;+rfng gfkmf -gf]S;fgL_** | **1,54,67,543** | **1,65,99,660** | **1,54,80,420** | **3,22,71,901** | **2,10,78,251** | **(34.69%)** |
| 8 | shf{ hf]lvd Joj:yf | (1,54,473) | 11,43,080 | 2,81,970 | 22,72,481 | (16,42,272) | - |
| 9 | sd{rf/L af]g; sf]if | 14,20,183 | 15,45,658 | 15,76,239 | 29,99,942 | 22,72,052 | (24.26 %) |
| 10 | cfos/ bfloTj | 29,06,746 | 13,83,267 | 14,29,734 | 27,58,234 | 20,78,696 | (24.64%) |
| 11 | :yug s/ | (95,603) | 69,192 | 12,586 | 10,865 | 2,485 | (77.13 %) |
| 12 | **v'b gfkmf** | **1,13,90,689** | **1,24,58,463** | 1,27,43,830 | **2,42,52,110** | **1,83,72,260** | **(24.39 %)** |
| 13 | ;fwf/)f hu]*f sf]if | 28,47,672 | 31,14,616 | 31,85,958 | 60,63,028 | 45,93,065 | (24.24 %) |
| 14 | ;+/lIft k"FhL lkmtf{ sf]if | 4,27,151 | 23,35,962 | 23,89,468 | 45,47,271 | 34,44,799 | (24.24 %) |
| 15 | ;xsf/L k\|j${g sf]if | 0 | 46,719 | 47,789 | 90,945 | 68,896 | (24.24 %) |
| 16 | cGo sf]ifsf] Joj:yf | 81,15,866 | 69,61,166 | 71,20,615 | 1,35,50,867 | 1,12,09,856 | (17.28%) |
| 17 | **s'n nfef+z k\|Ztflat** | **15%** | **15%** | **14%** | **18%** | **15%** | |
| 18 | af]g; z]o/ | - | – | – | 8% | 0 | |
| 19 | gub nfef+z | 15% | 15% | 14% | 10% | 15% | |

**शेयर पूंजी :**

संस्थाले आर्थिक वर्ष २०७८/७९ को अन्त्यसम्ममा शेयर पूँजी रु.४,६६,६५,३००।- पुऱ्याउन सफल भएको छ । संस्थाले शेयर पूंजी क्रमशः वृद्धि गरी लैजाने नीति अख्तियार गरेको हुँदा सबै शेयर सदस्यहरुले संस्थाको थप शेयर खरीद गरि दिनु भई संस्थाको कारोबार बिस्तारमा थप टेवा पुऱ्याइ दिन हुन अनुरोध गर्दछु ।

**निक्षेप संकलन तथा कर्जा लगानी :**

आर्थिक वर्ष २०७८/७९ को आषाढ मसान्तसम्ममा यस संस्थाको कुल निक्षेप संकलन रु.५४,९०,७०,९८४।- रहेको छ भने कर्जा लगानी रु.४७,२५,५५,४५०।- रहेको छ ।

**कुल आम्दानी तथा कुल खर्च :**

संस्थाको आर्थिक वर्ष २०७८/७९ को कुल आम्दानी रु.९,६४,४९,७४९।- रहेको छ भने कुल खर्च रु.७,५३,७१,४९८।- रहेको छ ।

**आय-व्यय :**

संस्थाले आर्थिक वर्ष २०७८/७९ मा रु.२,१०,७८,२५०।- कुल संचालन नाफा कमाउन सफल भएको छ । यस आर्थिक वर्षमा कर्जा जोखिम व्यवस्था बाट रु.१६,४२,२७२।- आयमा थप गरिएको छ । त्यस पश्चातको रकममा कर्मचारी बोनस कोष बापत रु.२२,७२,०५२।- कट्टा गरी बाँकी हुन आएको रकम रु.२,०४,४८,४७०।- मा आयकर व्यवस्था रु.२०,७६,२११।- कट्टा गर्दा संस्थाको खुद नाफा रु.1,83,72,260।- रहेको छ । यस हिसाबले यस आर्थिक वर्षमा संस्थाले शेयर पूंजीको अनुपातमा ३९.३७% नाफा कमाउन सफल भएको जानकारी गराउँदछु ।

**लाभांश बाँडफाँड सम्बन्धमा :**

यस संस्थाको आ.व.२०७८/७९ को खुद नाफा रु.1,83,72,260।- रकमलाई सहकारी नियमावली २०७५ अनुसार साधारण जगेडा कोषमा रु.४५,९३,०६५।-, संरक्षित पूंजी फिर्ता

कोषमा रु.34,44,799।-,सहकारी प्रवर्द्धन कोषमा रु.68,896।-,शेयर लाभांश कोषमा रु. 76,99,125।-,सहकारी शिक्षा कोषमा रु.5,13,275।-, घाटापूर्ती कोषमा रु. 5,13,275।-, सहकारी विकास कोषमा रु. 5,13,275।-,सामुदायिक विकास कोषमा रु. 5,13,275।- तथा अन्य जोखिम व्यवस्थापन कोषमा रु. 5,13,275।- बाँडफाँड गरिएको छ । साथै संस्थाका सदस्यहरुलाई यस वर्ष १५% नगद लाभांश (करकट्टि पछि) वितरण गर्ने भनि संचालक समितिबाट निर्णय भए अनुसार शेयर लांभाश कोषमा राखिएको रकमबाट आ.व.२०७७/७८ भित्र शेयर खरिद गरेका सदस्यहरुलाई शेयर रकमको १५% र आ.व.२०७८/७९ मा शेयर खरीद गरेका सदस्यहरुलाई शेयर खरीद गरेको मितिबाट दिन गन्तीको हिसाबले १५% ले हुने लांभाश रकम प्रदान गर्ने व्यवस्था मिलाइएकोले सोको अनुमोदनको लागि प्रस्ताव पेश गरेको छु । यसरी १५% नगद लाभांश भुक्तानी गर्दा संस्थाको शेयर लाभांश कोषबाट रु.69,99,795।- रकम सदस्यहरुलाई बितरण हुन जाने जानकारी गराउँदछु । यस लाभांश बाँडफाँड प्रस्तावलाई अनुमोदन गरी दिन हुन अनुरोध गर्दछु ।

**राजश्वमा योगदान :**

संस्थाले आ.व.२०७८/०७९ को खुद नाफा (कर अघिको) रु.2,04,48,470।-मा लाग्ने १०% आयकर बापत रु.20,78,696।- तथा अन्य कर वापत रु.46,57,267।- गरी जम्मा रु.67,35,963।- नेपाल सरकारको राजश्व खातामा दाखिला गरी योगदान पुऱ्याएको जानकारी गराउँदछौं ।

**लेखा परिक्षकको नियुक्ती तथा पारिश्रमिक :**

संस्थाको १३ औं बार्षिक साधारण सभाले आ.व.२०७८/०७९ को हिसाब किताब लेखापरिक्षण गर्न श्री एम तिवारी एण्ड एशोसिएट्सका चार्टड एकाउन्टेन्टस् श्री मुरलीधर तिवारीलाई नियुक्त गरी निजलाई लेखापरिक्षण कार्य गरे वापत रु.75,000।०० (मु.अ.कर बाहेक) भुक्तानी गर्ने निर्णय भए अनुसार उपरोक्त लेखा परीक्षकबाट नै लेखापरिक्षण कार्य भएको र सोही अनुसार तोकिएको रकम भुक्तानी भएको छ ।

आगामी आ.व.२०७९/८० को हिसाब किताबको लेखापरिक्षण गर्नको लागि नयाँ बस्ति मार्ग, बालुवाटार,काठमाण्डौंका बि.आर.एस न्यौपाने एण्ड कं. का ज्ञानेन्द्र बहादुर भारी चार्टड एकाउनटेन्टस्लाइ लेखापरिक्षक नियुक्त गर्न तथा निजलाई उक्त कार्य सम्पन्न गरे वापत पारिश्रमिक रु.९०,४००/–(मु.अ.कर समेत) भुक्तानी गर्न शिफारीस गर्ने निर्णय गरियो ।

**बिप्रेषण सेवा सम्बन्धमा :**

संस्थाले बजारमा नाम चलेका धेरै जसो बिप्रेषण सेवाहरुका सब एजेन्ट भई सेवा पुऱ्याई रहेको

जानकारी गराउँदछौं । संस्थाले बिप्रेषण सेवा अन्तरगत आइ.एम.ई.रेमिट, प्रभु मनि ट्रान्सफर, हिमाल रेमिट, सिटि एक्सप्रेस, एक्सप्रेस मनि ट्रान्सफर, वेस्टर्न युनियन मनि ट्रान्सफर, सम्सरा मनि ट्रान्सफर, मनिग्राम, जे.एम.ई रेमिट, जि.एम.ई रेमिट, आई-पे रेमिट, सुलभ रेमिट, रेमिट टु नेपाल तथा एन.आई.सी.एशिया रेमिट कम्पनीहरुको रेमिट सेवा साबिक झैं निरन्तर प्रदान गर्दै आएका छौं । अन्य कम्पनीहरुका रेमिट सेवाहरु पनि क्रमिक रुपले थप गर्दै लगिने योजना रहेको छ ।

**वार्षिक बजेट २०७९/८० सम्बन्धमा :**

संस्थाले गत आर्थिक बर्षको कार्य योजना तथा बजेटको उपलब्धीको आधारमा चालु आ.व.२०७९/८० को कार्य योजना तयार पारि त्यस अनुसारको अनुमानित वार्षिक बजेट तयार भएकोमा मिति २०७९/०४/२६ मा बसेको संचालक समिति बैठक नं.१२२ बाट पारित भई यस सभामा अनुमोदनको लागि पेश भएको छ । यस सभाबाट निम्न तालिका अनुसारको चालु आ.व.२०७९/८० को अनुमानित बजेट तथा कार्य योजना अनुमोदन गरी दिन हुन अनुरोध गर्दछौं । उपरोक्त कार्य योजना तथा बार्षिक बजेट २०७९/८० यस बार्षिक प्रतिबेदनको पृष्ट नं. ६ मा प्रस्तुत गरिएको छ ।

**आ.ब.२०७९/८० को अनुमानित बजेट तथा कार्यक्रम**

(रकम रु. मा)

| क.सं. | विवरण | 2078/079 | | 2079/080 |
|---|---|---|---|---|
| | | अनुमानित | वास्तविक | अनुमानित |
| 1 | **शेयर पूँजी** | **4,60,00,000** | **4,66,65,300** | **4,90,00,000** |
| 2 | **अन्य बचत निक्षेप** | **20,00,00,000** | **7,00,86,784** | **12,00,00,000** |
| 3 | **आवधिक निक्षेप** | **45,00,00,000** | **47,89,84,200** | **45,00,00,000** |
| 4 | **तरलता रकम** | **9,75,00,000** | **7,41,57,283** | **7,50,00,000** |
| 5 | **लगानी :** | | | |
| | क) मुद्दति खाता | 20,00,00,000 | 22,49,50,000 | 20,00,00,000 |
| | ख) शेयर | 15,00,000 | 6,27,400 | 10,00,000 |
| | ग) कर्जा | 50,00,00,000 | 47,25,55,450 | 45,00,00,000 |
| 6 | **आम्दानी :** | | | |
| | क) बैंक ब्याज | 2,00,00,000 | 2,21,40,485 | 2,26,00,000 |
| | ख) कर्जा ब्याज | 6,50,00,000 | 6,98,67,120 | 7,08,00,000 |
| | ग) अन्य | 1,00,00,000 | 44,42,142 | 60,00,000 |
| | **कुल आम्दानी (रु.)** | **9,50,00,000** | **9,64,49,747** | **9,94,00,000** |
| 7 | **खर्च :** | | | |
| | क) कार्यालय संचालन खर्च | 65,00,000 | 65,05,822 | 66,00,000 |
| | ख) कर्मचारी खर्च | 77,00,000 | 85,69,330 | 87,00,000 |
| | ग) बचत खाता ब्याज खर्च | 1,25,00,000 | 88,34,470 | 1,00,00,000 |
| | घ) आवधिक खाता ब्याज खर्च | 4,50,00,000 | 4,30,16,156 | 5,40,00,000 |
| | ड.) सापटीमा ब्याज खर्च | 0 | 84,45,719 | 0 |
| | **कुल खर्च (रु.)** | **7,17,00,000** | **7,53,71,497** | **7,93,00,000** |
| 8 | **कुल नाफा कर अगाडी (६-७)** | **2,33,00,000** | **2,10,78,250** | **2,01,00,000** |

**शेयरसदस्य संख्या सम्बन्धी जानकारी :**

संस्थामा आ.व.२०७८/७९ सम्म आबद्ध भएका तथा सदस्यता त्याग गरेका शेयरसदस्यहरुको संख्या निम्न बमोजिम रहेका छन् :

| बिबरण | गत आ.व. २०७७/७८ का शेयरसदस्य संख्या | २०७८/७९ मा नयाँ सदस्य थप संख्या | २०७८/७९मा सदस्यता त्यागेको संख्या | २०७८/७९ अन्त्यमा कुल शेयरसदस्य | |
|---|---|---|---|---|---|
| | | | | संख्या | रकम |
| शेयर सदस्य | ६९१ | २१ | २३ | ६८९ | रु. 4,66,65,300।- |

**कर्मचारी व्यवस्थापन :**

हाल संस्थामा ४ पूरुष र ९ महिला गरी १३ जवान कर्मचारीहरु दैनिक व्यवस्थापन कार्यमा संलग्न छन् । कर्मचारीको संस्थागत तालिका निम्नानुसार रहेको छ ।

# एट्लस बचत तथा ऋण सहकारी संस्था लि.

## संस्थागत तालिका

ध्रुब रुद्र कर्माचार्य
अध्यक्ष

↓

गजाधर श्रेष्ठ
व्यवस्थापक

↓

### प्रशासन शाखा

| क.स | नाम | पद |
|---|---|---|
| १. | प्रज्जु मानन्धर | सुपरभाइजर |
| २. | रोजिना मर्हजन | सहायक प्रशासन |
| ३. | भवानी देवि न्यौपाने | कार्यालय सहायक |
| ४. | सुरेश तण्डुकार | कार्यालय सहायक |
| ५. | राम काजि कार्की | ड्राइभर |

### लेखा शाखा

| क.स. | नाम | पद |
|---|---|---|
| १. | अनिसा डंगोल | लेखा अधिकृत |
| २. | ओम कुमारी श्रेष्ठ | सहायक लेखापाल |

### नगद शाखा

| क.स | नाम | पद |
|---|---|---|
| १. | रमिता तण्डुकार | टेलर |
| २. | रेश्मा डंगोल | टेलर |

### कर्जा शाखा

| क.स. | नाम | पद |
|---|---|---|
| १. | प्रेक्षा श्रेष्ठ | कर्जा अधिकृत |
| २. | उजिला श्रेष्ठ | कर्जा सहायक |

**कर्जा नोक्सानी व्यवस्था :**

आ.व.२०७८/७९ मसान्तसम्म संस्थाले सहकारी विभागको नियमन मापदण्ड अनुसार गर्नु पर्ने कर्जा नोक्सानी व्यवस्था अनुसार गत आ.ब.सम्म रु.83,47,566।- रहेकोमा यस आ.व.मा रु.६७,०५,२९४।- मात्र व्यवस्था गर्नुपर्ने भएकोले बढी हुन गएको रु.१६,४२,२७२।- कर्जा नोक्सानी व्यवस्था बाट फिर्ता गरि आम्दानी जनाइएको छ ।

**सामाजिक सहयोग :**

संस्थाले बार्षिक सामाजिक सहयोग कार्यक्रम अन्तरगत यस आर्थिक वर्ष २०७९/८० मा ल.पु.मा.न.पा.वडा नं.१४,जे.एम.रोड.घर नं.६६,ललितपुर (दर्ता नं.१४५-०६२/२०६२/१२/१३) को संरक्षणमा रहेको १६ जना दिन दुःखी, असहाय, विपन्न बालबालिकाहरुको लागि रु.८६,९२०।०० बराबरको रकम दैनिक उपभोग्य खाद्यान्न खरीद गरी सहयोग पुऱ्याएका छौं ।

**कर्जा अपलेखन सम्बन्धमा :**

संस्थाको सदस्यहरुलाई न्यूनतम रकम व्यक्तिगत जमानतमा कर्जा दिने तत्कालिन नीति अन्तर्गत प्रवाह भएका अधिकाशं कर्जा असुली भएका छन् । यसरी प्रवाह भएका मध्ये केहि कर्जा भाखा नाघेको लामो समयसम्म कर्जाको विवरण उल्लेख गर्न आएको छैन । संस्थाबाट कर्जा असुलीको कारवाही गर्दा निम्न ऋणी सदस्यहरु बिदेश पलायन वा कोही दिवंगत समेत भई केही बर्षयता सम्पर्कमा नभएकोले मिति २०७९/०३/३० मा बसेको संचालक समिति बैंठक नं.१२१ बाट निजहरुको कर्जा अपलेखन गरि पठाउने प्रस्ताव गरीएको छ । असुलीको सम्भावना शुन्य प्राय रहेको उक्त कर्जा अपलेखन गर्ने प्रस्ताव पारीत गरीदिन अनुरोध छ ।

तपशिल

| क.सं. | ऋण प्रवाह भएको मिति | ऋणीहरुको नाम, ठेगाना | अपलेखन हुने रकम (रु.) |
|---|---|---|---|
| १. | २०७६/०३/२९ | रामेश्वर बाँनिया क्षेत्री | ९४,०००।०० |
| २. | २०७७/०३/३१ | निमु गुरागाई | ५८,१००।०० |
| जम्मा | | | १,५२,१००।०० |

**भावी कार्यक्रम :**

कोभिड-१९ महामारीको बाँकी रहेको केही अशं, डेन्गु ज्वरोका ब्यापकता, आउँदो संसदिय चुनावको गर्मी एकातिर छ भने देशमा चुनाव पश्चात राजनैतिक अस्थिरता सम्भावनाको अड्कलबाजी तथा तरलताको चरम अभावका कारण चालु आर्थिक बर्ष २०७९/८० मा आर्थिक मन्दीको अवस्था श्रृजना हुन सक्ने आशंका गर्नु पर्ने अवस्था छ । उपरोक्त कारण देशको उद्योग, ब्यापार तथा अन्य ब्यबसायहरुमा समेत नकरात्मक प्रभाव पर्न गई धेरै क्षेत्रका कारोबारमा लगानीको अवसर घट्दै गएकोमा तरलता अभावका कारण बैंक बित्तीय संस्थाहरुको कर्जा ब्याजदर दोहोरो अंङ्कले उक्लेको कारण सहकारी संस्थाहरुको निक्षेपको लागत पनि सोही अनुसार बढि हुन पुगेको छ । नियामकबाट कर्जाको ब्याजदर बृद्धिमा रोक लगाएका कारण निक्षेप लागत तथा कर्जा ब्याज दर फरक प्रतिशत कम हुन गई कर्जा कारोबारमा कठिनाइ उत्पन्न भइरहेको अवस्था छ । चालु आर्थिक बर्षको धेरै अवधिभर बजार अनिश्चित नै हुने देखिए तापनि दोश्रो त्रैमास देखि देशको आर्थिक कारोबार साबिक लयमा

फर्कन्छ भनी आशा लिन सकिन्छ । सहकारी अभियन्ताहरुले पनि सहकारी प्रवर्धनको लागि प्रयत्नशिल रहेको हुँदा आगामी दिनहरुमा सकारात्मक लक्षणहरु आउने बिश्वास लिन सकिने अवस्था रहेको हुँदा संस्थाले चलाइरहेको वर्तमान कार्यक्रमहरु नै उपलब्धी मूलक तथा फलदायी भइरहेको कारण हाल कायम नितिलाई नै निरन्तरता दिदै अगाडि बढ्ने कार्यक्रम बनाएका छौं । यस्तो प्रतिकुल अवस्थामा पनि संस्थाका सदस्यहरुले संस्थामा निक्षेप राखी र कर्जा लिई सहयोग गरिनै रहनु भएको र भविष्यमा पनि यसलाई निरन्तरता दिनु हुनेछ भन्ने विश्वास लिएका छौं । संस्थाको हालको कार्यालयलाई नयाँ प्रविधि तथा आधुनिक उपकरणहरुले सुसज्जित गरी सदस्यहरुलाई यथा सिघ्र स्मार्ट बैंकिङ्ग प्रणालि सहित गुणात्मक तथा सदाझैं चुस्त सेवा निरन्तर प्रदान गर्ने व्यवस्था मिलाइनेछ । कर्मचारीहरुलाई समय सापेक्ष बैकिङ्ग तालिमहरु बेला बखत प्रदान गर्दै लगिनेछ । टेलिफोन भुक्तानी र रिचार्ज गर्ने व्यवस्था,साबिक एस.एम.एस.बैकिङ्ग सेवा उपलब्ध भइरहेकोमा संस्थाले यथा सिघ्र स्मार्ट बैकिङ्ग सेवा पनि उपलब्ध गराउने कार्य  अगाडी बदिरहेको जानकारी गराउन चाहन्छौं ।

**<u>सदस्य महानुभावहरु,</u>**

सहकारी विभाग, संस्थासंग सम्बन्धित विभिन्न बैक तथा वित्तिय संस्थाहरु, संस्थासंग निक्षेप तथा कर्जाको कारोबार गर्ने सदस्यहरु, लेखा समितिका पदाधिकारीहरु, संस्थालाई बेला बखत अमूल्य सुझाव एवं सल्लाह दिने शुभचिन्तकहरु एवं संस्थाका कर्तव्यनिष्ठ कर्मचारीहरुलाई समेत यस अवसरमा आफ्नो र संचालक समितिका तर्फबाट हार्दिक धन्यवाद दिन चाहन्छु । आ.व.२०७८/७९ को लेखापरिक्षण समयमा नै सम्पन्न गरी संस्थालाई अमुल्य सुझावहरु दिनु हुने एम तिवारी एण्ड एशोसिएट्स का चार्टड एकाउन्टेन्ट श्री मुरलीधर तिवारीलाई समेत यस अवसरमा धन्यवाद दिन चाहन्छु । कोभिड-१९ संक्रमण तथा डेन्गु ज्वरोको प्रकोप बाट सबै सदस्य

महानुभावहरु सुरक्षित रहन समेत अनुरोध गर्दछौं ।

अन्त्यमा,

संचालक समितिको तर्फबाट प्रस्तुत गरेको आ.ब.२०७८/७९ को वार्षिक प्रतिवेदन सहित यसै साथ संलग्न सोही आर्थिक वर्षको वासलात, आय-व्यय विवरण, नगद प्रवाह विवरण र तत् सम्बन्धी अनुसूचीहरु सहितको लेखापरीक्षकको प्रतिवेदन, लेखा समितिको प्रतिवेदन, आर्थिक वर्ष २०७९/८० को लागि तयार पारी संचालक समितिबाट शिफारीस भएको संस्थाको अनुमानित **"बजेट तथा कार्यक्रम"** र संस्थाले पेश गरेका अन्य प्रस्तावहरु समेत यस चौधौं वार्षिक साधारण सभाबाट पारित गरिदिनु हुनेछ भन्ने विश्वास लिएको छु । यस चौधौं वार्षिक साधारण सभाका लागि आज बिदाको दिनमा पनि अमूल्य समय दिई भाग लिइदिनु भई सभा सफलतापूर्वक सम्पन्न गराउन योगदान गर्नु हुने सम्पूर्ण सदस्य तथा अन्य महानुभावहरुलाई एट्लस बचत तथा ऋण सहकारी संस्था लि. संचालक समिति र आफ्नो व्यक्तिगत तर्फबाट समेत हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु ।

जय सहकारी !

मिति :२०७९ मङ्गसिर १० गते ।

ध्रुव रुद्र कर्माचार्य
अध्यक्ष